मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
☎ ०७८-४१०१२७
४१०१२८

प.सं. २०८२।८३
च.नं.

मितिः २०८२/०५/१६

सूचना ! सूचना!! सूचना !!!

मध्यविन्दु नगरपालिकाले नगर क्षेत्रभित्र शैक्षिक, बौद्धिक तथा साङ्गठनिक विकासलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ एक आधुनिक, सुविधा सम्पन्न र सबै वर्ग तथा तहका नागरिकका लागि सहज पहुँच योग्य नगर पुस्तकालयको निर्माण कार्य सम्पन्न गरिएको सम्बन्धित सबैमा जानकारी गराइन्छ। उक्त पुस्तकालयलाई प्रभावकारी रूपमा सञ्चालन गरी ज्ञानको केन्द्रका रूपमा स्थापित गर्न पुस्तकालय सञ्चालन समिति गठन तथा आवश्यक पर्ने पुस्तक तथा पठन सामग्रीहरूको व्यवस्थापनमा नगरपालिकाले आफ्ना कार्यक्रम तथा योजनाहरु अगाडी बढाइएको छ । पुस्तक तथा पठन सामग्रीहरूको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन समुदाय स्तरमा विभिन्न पुस्तक प्रेमी, साहित्यप्रेमी लगायत सम्पूर्ण सरोकारवाला, सामाजिक सङ्घसंस्था, शिक्षाविद्, पुस्तक प्रकाशक तथा इच्छुक दाताहरू मार्फत पुस्तक संकलन गर्ने नगरपालिकाको निर्णय बमोजिम पुस्तक तथा पठन सामग्रीहरू सहयोग पुऱ्याउनुहुन अनुरोध गर्दछौं।

**सहयोग सम्बन्धी विवरणः**

क) **पुस्तक तथा पठन सामग्री सहयोग**: मध्यविन्दु नगर पुस्तकालयको लागि नयाँ वा पठनको लागि प्रयोग गरिएको पुस्तकहरू सहयोग गर्न सकिनेछ। (पुस्तकालयमा नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित विभिन्न विधाका पुस्तकहरू जस्तै साहित्य, विज्ञान, प्रविधि, शिक्षा, स्वास्थ्य, कृषि, दर्शन, बालसाहित्य, सामाजिक विज्ञान, प्रशासन, तथा प्रतियोगी (सेवा आयोग) परीक्षा सम्बन्धी सामग्रीहरू)

ख) **पुस्तक तथा पठन सामग्रीको अवस्थाः** पठनको लागि राम्रो अवस्थामा रहेकाको पुस्तकहरु प्रदान गर्न सकिनेछ, साथै पौराणिक तथा ऐतिहासिक महत्व राख्ने पुस्तकहरुको अवस्थाका सम्बन्धमा समितिको निर्णय बमोजिम गरिनेछ ।

ग) **सहयोग प्रकृया**: पुस्तक सहयोग गर्न इच्छुक व्यक्ति वा संस्थाले सम्पर्क व्यक्तिलाई सम्पर्क गर्नुहुन अनुरोध छ।

घ) **सम्पर्क विवरणः**

ठेगानाः मध्यविन्दु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
सम्पर्क व्यक्ति : कृष्ण रेग्मी (शिक्षा अधिकृत)/ कलामुद्दीन अन्सारी (स्रोत शिक्षक)
सम्पर्क नम्बरः ९८५७०८७५५७ / ९८६८०२०६०६
इमेलः regmik22@gmail.com / rtansari2038@gmail.com

**दाता सम्मान**: पठन सामग्री प्रदान गर्ने दातालाई सामग्रीको मुल्यको आधारमा निम्न (यसै साथ संलग्न सूची) बमोजिम सम्मान गरिनेछ।

भिमलाल अधिकारी
नगर प्रमुख

मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
☎०७८-४१०१२७
४१०१२८

प.सं ०८२।८३
च.नं.

दाता सम्मानको मापन आधार

| वर्ग | पठन सामग्रीको अनुमानित मूल्य | विवरण | कैफियत |
|---|---|---|---|
| छ | ५००० (पाँच हजार रुपैंया) सम्म | डिजिटल सम्मान पत्र | |
| ङ | ५००१ (पाँच हजार एक रुपैंया) देखि १०,००० (दस हजार रुपैंया) सम्म | सम्मान पत्र, मानार्थ सदस्यता | |
| घ | १०,००१ (दस हजार एक रुपैंया) देखि २५,००० (पचीस हजार रुपैंया) सम्म | सम्मान पत्र, मानार्थ सदस्य, फोटो अभिलेख | |
| ग | २५,००१ (पचीस हजार एक रुपैंया) देखि ५०,००० (पचास हजार एक रुपैंया) सम्म | सम्मान पत्र, मानार्थ सदस्य, शिलालेख नामाङ्कन , फोटो अभिलेख | |
| ख | ५०,००१ (पचास हजार एक रुपियाँ) देखि १००,००० (एक लाख रुपैंया) सम्म | सम्मान पत्र, मानार्थ सदस्य, शिलालेख नामाङ्कन , फोटो अभिलेख, दम्पती सम्मान | |
| क | १००,००१ (एक लाख एक रुपैंया) भन्दा माथि | सम्मान पत्र, मानार्थ सदस्यता, परिवार सम्मान, शिलालेख नामाङ्कन, दाताको परिवार सहितको फोटो अभिलेख | |

द्रस्टव्य: सहयोग ग्रहण गर्दा पुस्तक तथा पठन सामग्री मात्र गरिने व्यहोरा अनुरोध छ।

.......................
भिमलाल अधिकारी
नगर प्रमुख

भिमलाल अधिकारी
नगर प्रमुख